annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२३ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १५ चैत २०८१ | चैत्र कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४५ | FRIDAY, MARCH 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# मधेसका अस्पतालमा पाइन्न नि:शुल्क भनिएका ९८ औषधि

**सरकारले २०७८ सालमै ९८ प्रकारका औषधि नि:शुल्क गर्ने 'प्रोटोकल' जारी गऱ्यो । तर, मधेसका सरकारी अस्पतालमा नि:शुल्क दिने भनिएका औषधिको चरम अभाव छ । त्यसैकारण बिरामीहरू निजी अस्पताल/संस्थाबाट चर्को मूल्यमा ती औषधि खरिद गर्न बाध्य छन् । प्रदेश सरकारले समयमा औषधि खरिद नगर्दा समस्या उत्पन्न भएको अस्पतालका सञ्चालकहरू बताउँछन् । तर, प्रदेश सरकार भने यी समस्यातिर आँखा चिम्लेर बसेको सांसदहरूकै आरोप छ । प्रदेश सरकार स्वास्थ्य संस्थाको नेतृत्वमा आफ्ना मान्छे च्याप्ने, कर्मचारीको उचित व्यवस्थापन नगर्ने र आर्थिक चलखेलमा रमाउने गरेका कारण औषधि खरिदमा ढिलाइ भइरहेको आरोप छ ।**

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*
- को रिपोर्ट

प्रदेशको आपूर्ति गोदाममा जथाभावी फालिएका औषधिहरू । ● मनिका झा

## भारतबाट ४ घण्टा विद्युत् थप, लोडसेडिङ नहुने



**काठमाडौं** (अन्नपूर्ण) : छिमेकी भारतले थप ४ घण्टा विद्युत् दिने सहमति जनाएको छ। इन्डियन इनर्जी एक्सजेञ्जबाट थप ४ घन्टा ६०० मेगावाट विद्युत् दिने स्वीकृत दिएको हो। भारतले मध्यरातदेखि बिहान ४ बजेसम्म, बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म र राति ११ देखि १२ बजेसम्म मुजफ्फरपुर ढल्केबर लाइनमार्फत भारतीय पावर एक्सचेन्जबाट ६०० मेगावाटसम्म विद्युत् नेपाल निर्यात गर्न स्वीकृति दिएको हो।

हाल भारतले जुन ३० सम्मका लागि इनर्जी एक्सचेञ्जबाट सोलार आवर (दिनको १२ घन्टा) मात्रै नेपाललाई विद्युत् दिँदै आएको थियो। अब भने ४ घन्टा थप गर्दै भारतबाट १६ घन्टा विद्युत् आयात हुने ऊर्जा मन्त्रालयले जनाएको छ। भारतले नेपाललाई १ हजार ४ मेगावाट विद्युत् उपलब्ध गराउने सहमति जनाएपनि सो परिमाणको बिजुली आयात भएको थिएन। भारतले पुस २१ गते थप ३५० मेगावाटको स्वीकृति दिएपछि आयात गर्न पाउने विद्युत् परिमाण १ हजार ४ मेगावाट पुगेको थियो। ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का एवं परराष्ट्रमन्त्री डा. आरजु राणाको कूटनीतिक पहलमा भारतले थप बिजुली दिन तयार भएको मन्त्रालय स्रोतले बतायो। सुक्खा याममा हुने विद्युत् समस्याको समाधानका लागि भारत सरकारसँग थप विद्युत् माग गरेकोमा भारतले सहमति जनाएर विद्युत् उपलब्ध गराउनु खुसीको विषय भएको मन्त्री खड्काले बताए। उनले भने, 'नेपाली जनतालाई २४सै घण्टा विद्युत् दिन सरकार प्रतिबद्ध छ, लोडसेडिङ हुने हल्ला मात्र हो, हल्लाको पछि कोही पनि नलागौं।'

प्राधिकरणमा नयाँ कार्यकारी निर्देशक हितेन्द्र देव शाक्यको नियुक्ति सँगै लोडसेडिङ हुने हल्ला चलेको थियो। तर, भारत सरकारले हाल उपलब्ध गराउँदै आएको विद्युत्का अतिरिक्त ६ सय मेगावाट विद्युत् दिने स्वीकृति प्रदान गरेसँगै लोडसेडिङ हुने खतरा टरेको मन्त्रालयले जनाएको छ।

# संक्रमणकालीन न्याय टुंग्याउन एकमत

**अन्नपूर्ण** | *काठमाडौं*



संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउनुपर्नेमा प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू एकमत भएका छन्। संक्रमणकालीन न्याय प्रक्रिया तथा द्वन्द्वपीडितहरूको सत्य, न्याय र परिपूरणीय अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलनमा तीन दलका शीर्ष नेताहरूले द्वन्द्वकालीन घटनाको अनुसन्धान र दोषीमाथिको कारबाही जोडिएको संक्रमणकालीन न्यायलाई अघि बढाउने सामूहिक प्रतिबद्धता व्यक्त गरे।

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले पीडितले न्याय र दोषीले दण्ड पाउनुपर्ने बताए। 'जुनसुकै नाममा होस्, अमानवीय, मानवताको विरुद्धको गम्भीर अपराध गर्नेलाई कारबाही हुन्छ नै,' प्रधानमन्त्री ओलीले भने, 'द्वन्द्वकाल भनेर शान्ति प्रक्रियामार्फत कतिपय कुराहरूलाई फर्गेट एन्ड फरगिभ पनि भनेका हौला। तर, सबै गम्भीर अपराधलाई फर्गेट एन्ड फरगिभ भनेर फरगिभ गर्न सकिँदैन।'

सोही कार्यक्रममा सत्तारुढ कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पीडितलाई न्याय दिने विषयमा आफूहरूबीच कुनै मतभेद नभएको बताए। 'वर्तमान सरकार शान्ति सम्झौताका बाँकी काम पूरा गर्न अगाडि बढिरहेको छ,' पूर्वप्रधानमन्त्री देउवाले भने, 'संक्रमणकालीन न्यायका लागि सरकारले भर्खरै सत्य निरुपण, मेलमिलाप तथा बेपत्ता पारिएका व्यक्तिको छानबिनका लागि आयोग गठन गर्न सिफारिस समिति गठन गरिसकेको छ। अब छिट्टै आयोगहरूले पूर्णता पाउनेछन्।' नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शान्ति प्रक्रिया कहिले कानुनी, कहिले प्राविधिक र कहिले राजनीतिक उत्तरचढावले ढिलो भएको बताए। 'नेपालको शान्ति प्रक्रिया मौलिक पनि छ', दाहालले भने, 'सेना समायोजन या संविधान निर्माणसँग सम्बन्धित होस्, यी दुवै सफलतापूर्वक सम्पन्न गरेको हो।'

द्वन्द्वपीडितहरूलाई केन्द्रमा राखेर संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउनुपर्छ भन्नेमा प्रमुख दलहरूबीच बिमति नभएको उनको भनाइ थियो। 'अहिले पनि राजनीतिक दलहरूबीच विवादहरू छन्। प्रमुख दलहरू नै पनि कोही सत्तापक्षमा छौं, कोही प्रतिपक्षमा छौं, विवाद चलिरहेको छ, सदनमा बहस भइरहेको छ,' प्रचण्डले भने, 'तर तमाम विवाद र बिमतिका बीच पनि शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउनुपर्छ भन्नेमा इन प्रिन्सिपल हामी कहिल्यै पनि विवादमा भएनौं।'

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिसमेत उपस्थित थिए। कार्यक्रममा शीर्ष तीन नेताहरूले एक-अर्काप्रति व्यंग्य गरे पनि संक्रमणकालीन न्याय राष्ट्रिय मुद्दा भएकाले यसमा राजनीति गर्न नहुने बताए।

## विकासोन्मुख देशहरूको खोप सहयोग कटौती गर्दै अमेरिका

**वासिङटन** (एजेन्सी): अमेरिकाले विकासशील देशहरूमा खोप पहुँच बढाउने लक्ष्यका साथ स्थापित अन्तर्राष्ट्रिय स्वास्थ्य संगठन 'गाभी' का लागि कोष कटौती गर्ने योजना बनाएको द न्यूयोर्क टाइम्सले जनाएको छ।

यो योजनाले संयुक्त राज्य अमेरिकालाई विकासशील विश्व समुदाय समक्ष सहयोग गरी लाखौं मानिसलाई सङ्क्रामक रोगविरुद्धको लडाइँको नेतृत्व गर्न आधा शताब्दी लामो प्रयासबाट पछि हटाउनेछ। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले योजनाको पुष्टि गर्दै एजेन्सी र प्रशासनका प्राथमिकताहरूसँग मेलमिलापका लागि समाप्त गरिएका प्रत्येक पुरस्कारको समीक्षा गरेका थिए।

विदेशमन्त्री मार्को रुबियोले पुरस्कार राष्ट्रिय हित वा एजेन्सी नीति निर्धारण गर्दा यो निर्णय गरिएको बताए। सन् २००० मा यसको स्थापना भएदेखि अमेरिकाले ७८ देशहरूमा १.१ अर्बभन्दा बढी बच्चाहरूलाई खोप लगाउन मद्दत गरेको छ। यसले भविष्यमा हुने एक करोड ८० लाखभन्दा बढी मृत्युलाई रोकेको छ।

# अतिरिक्त सचिव पद बिउत्याँइयो, कर्मचारीका ट्रेड युनियन यथावत्

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*


संघीय निजामती सेवामा विशिष्ट श्रेणीको एक तह थप हुने भएको छ। हाल विशिष्ट श्रेणीमा सचिव र मुख्यसचिव पद छन्। अब अतिरिक्त सचिव थप गर्न लागिएको हो। निजामती सेवासम्बन्धी विधेयकमा सहमति जुटाउन गठित उपसमितिले राज्य व्यवस्था समितिलाई बिहीबार प्रतिवेदन बुझाएको छ। जसमा

अतिरिक्त सचिव राख्ने व्यवस्था बिउँत्याउने सहमति जुटाइएको छ। यद्यपि, समितिले त्यसबारे निर्णय गर्न बाँकी नै छ। कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडू नेतृत्वमा गत ९ फागुनमा उपसमिति बनेको थियो। ११ सदस्यीय उपसमितिमा अशोककुमार राई, ईश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्रप्रसाद पाण्डे, लीलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे थिए। उपसमिति संयोजक बडूले समिति सभापति रामहरि खडिवडालाई प्रतिवेदन बुझाएका हुन्। खतिवडाले उक्त प्रतिवेदन समितिमा राखेर थप छलफल गर्ने बताए। 'थप्नुपर्ने केही भए, समितिले थप्छ, आएका कुरा राम्रै छन्, भन्ने अनुभूति गरेको छु,' सभापति खतिवडाले भने।

### अतिरिक्त सचिव किन ?

उपसमितिले अतिरिक्त सचिवको पुरानो व्यवस्थालाई बिउँत्याएको हो। सचिवभन्दा एक तह तल रहने गरी अतिरिक्त सचिवको व्यवस्थामा सहमति जुटाइएको छ। अतिरिक्त सचिवको व्यवस्था यसअघि दुईपटक प्रयोग भइसकेको छ। पञ्चायत र बहुदल आएपछि पनि अतिरिक्त सचिवको व्यवस्था थियो। ०४२ सालमा तत्कालीन सामान्य प्रशासन मन्त्रालयका सचिव मंगलकृष्ण श्रेष्ठले सहसचिवपछि अतिरिक्त सचिवको व्यवस्था गरेका थिए। ०४९ कात्तिक २१ मा निजामती सेवा ऐन ल्याउँदा यी पद हटाइए। पछि केही समय पुन: अतिरिक्त सचिवको व्यवस्था गरिएको थियो। २०५९ सालबाट भने अतिरिक्त सचिवको व्यवस्था पूर्णरूपमा नै हटाइएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल ट्रस्टको कार्यालय, राष्ट्रिय सर्तकता केन्द्र, जलशक्ति आयोग लगायतमा अब अतिरिक्त सचिव रहनेछन्। हाल त्यहाँ सचिवको व्यवस्था छ। अब निजामतीमा १५ तह हुनेछ। १५ औं तहमा मुख्यसचिव हुनेछन्। १४ औं तहमा सचिव र १३ औं तहमा अतिरिक्त सचिव र १२ औं तहमा सहसचिव हुनेछन्।



विधेयक सङ्ख्या:

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८०

सङ्घीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

### मुख्यसचिव सचिवको घट्यो सेवा अवधि

मुख्यसचिव र सचिवको सेवा अबधि घटाइएको छ। हाल ३ वर्ष रहेको मुख्य र सर्वोच्चका रजिष्टारको सेवाअवधि २ वर्ष बनाइएको छ। पाँच वर्ष रहेको सचिवको अबधि १ वर्ष घटाएर ४ वर्ष राख्ने सहमति उपसमितिले गरेको छ।

- मुख्यसचिवको २ वर्ष र सचिवको ४ वर्ष सेवा अवधि
- सहसचिवमा खुला प्रतिस्पर्धाको ढोका बन्द
- जागिर छोड्नेबित्तिकै संवैधानिक निकाय र राजदूतलगायतमा नियुक्त नपाउने
- एउटा मन्त्रालयमा एउटै मात्रै सचिव
- १० वर्षसम्म प्रदेश सचिव केन्द्रकै
- बढीमा दुई पटक मात्रै आरक्षण

### ट्रेड युनियन यथावत्

कर्मचारी ट्रेड युनियन यथावत् राख्ने व्यवस्था गरिएको छ। कर्मचारीका दलगत ट्रेड युनियन राख्ने/नराख्ने भन्नेमा लामै छलफल चलेको थियो। संविधानले दिएको अधिकारलाई प्रयोग गर्ने गरी ट्रेड युनियनलाई व्यवस्थित गरिएको सभापति खतिवडाले बताए। सभापति खतिवडाका अनुसार कार्यालय प्रमुख ८औं तहको भएमा भने उनीहरू ट्रेड युनियन अधिकार प्रयोग गर्न नपाउने व्यवस्था गरिएको छ। ट्रेड युनियनको विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले फरक मत राखेको छ।

### कुलिङ पिरियड: एनजीओ आईएनजीओमा २ वर्ष, अन्यमा १ वर्ष

कर्मचारीले जागिर छोड्नेबित्तिकै संवैधानिक निकाय र राजदूतलगायतमा नियुक्त नपाउने व्यवस्था गरिँदै छ। उपसमितिको प्रतिवेदनमा कुलिङ पिरियडको व्यवस्था गरिएको छ। जागिरमा हुँदै र जागिर सकिए लगत्तै दातृ निकाय तथा एनजीओ/आईएनजीओमा जागिर खान जाने विकृति अन्त्य गर्न कुलिङ पिरियड लागू गरिएको समिति सभापति खतिवडाले जानकारी दिए। अब एनजीओ/ आईएनजीओमा जानका लागि २ वर्षको कुलिङ परियड तोकिएको छ। अन्यमा १ वर्षपछि मात्रै नियुक्ति लिन पाउने व्यवस्था प्रतिवेदनमा छ। उपसमितिका सदस्य राजेन्द्रप्रसाद पाण्डेले कुलिङ परियड २ वर्ष राख्नुपर्ने प्रस्ताव राखेको बताए।

» बाँकी पृष्ठ ६